सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधि, २०७९

अनुसूची.-१०

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल नं.९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा**

**पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना !!!**

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०४ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं.९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा रहेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु /जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | जिन्सी सामानहरु बिवरण | न्युनतम मुल्य रु. (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्युटर, फर्निचर लगायतका पुराना जिन्सी सामानहरु | रु. ११,३५६/- (एघार हजार तिन सय छपन्न रुपैया) | रु.१०००।- | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८१।०७।११ गते कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर फिर्ता नहुने गरि नगदै बुझाई प्राप्त गर्न सकिने छ। बोलपत्र फारम मिति २०८१।०७।१२ गतेको दिनको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिहरुको रोहबरमा सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा खोलिनेछ। बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणबस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडिको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिने छ । बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौको कार्यालय कोड ३१४०५३५१२ नम्बरको राष्ट्रिय वाणिज्य बैंक टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००१००१०२०३०००० मा नगदै दाखिला गरि सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्ने अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ। स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरि जम्मा हुन आउने रकम दाखिला गरि पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यायलले नियमानुसार जफत गरि प्रचलित कानून बमोजिम राजश्वमा दाखिला गरिनेछ। लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। उल्लेखित जिन्सी सामानहरुको बारेमा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाण्डौमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०१४३११२८२ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ। साथै यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Website:-www.apf.gov.np मा समेत राखिएको छ।